# खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
# KIAN हेल्लो खावासाकी

**अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होम पेज （https://www.kian.or.jp/hlkwsk.html） मा हेर्नु होस्।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी, खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल ： kiankawasaki@kian.or.jp

## विदेशी बालबालिकाहरूको लागि प्राथमिक विद्यालय भर्ना सम्बन्धित जानकारी कार्यक्रम



"जापानको प्राथमिक विद्यालय भनेको कस्तो किसिमको हो? ""जापानिज भाषा नबुझ्ने हुनाले विद्यालयको भर्ना सम्बन्धित जानकारी कार्यक्रममा गए पनि केहि बुझ्दिन…" जस्ता प्राथमिक विद्यालय भर्ना सम्बन्धि चिन्ता तथा प्रश्नहरूको उत्तर दिई मद्दत गर्ने छौं। **कार्यक्रम सम्बन्धि विस्तृत जानकारीको लागि होमपेज तथा कार्यक्रमको पर्चा हेर्नु होस्।**



**【मिति र समय】२०२०/ १/ ३० (शनिबार) दिउँसो १:३० देखि ४:०० सम्म** (

※भाषा अनुवाद /बच्चा हेरिदिने सुविधा उपलब्ध छ। तर अग्रिम जानकारी गर्न आवस्यक पर्ने )

**【स्थान】खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला "दान्खाचु खाचुदोउ रुम (समूहको कार्यक्रम कोठा)"**

**【सम्पर्क】फोन नं.: 044-435-7000 / परामर्श सेवाको प्रत्यक्ष नं.: 044-455-8811**

**ईमेल: soudan39@kian.or.jp**

*****************************************************************************************

## वर्षको अन्त तथा नयाँ वर्षको बिदाको आपतकालीन क्लिनिक तथा बच्चाहरूको लागि आपतकालीन केन्द्र

बिदाको बेलामा अचानक ज्वरो आउने जस्ता प्रारम्भिक चिकित्सा सेवा "**बिदा आपतकालीन क्लिनिक**" मा उपल्ब्ध छ।

उपचारको विषयहरु: आन्तरिक चिकित्सा र बाल रोग



बिरामी जाँच्ने दिन: आइतबार / सार्वजनिक बिदाहरू / वर्षको अन्त तथा नयाँ वर्ष (डिसेम्बर ३० तारिख बाट जनवरी ४ तारिख)
बिहान ९:३० देखि ११:३० सम्म र दिउँसो १:०० देखि ४:०० सम्म

※बिरामी जाच्ने समय फरक हुन सक्ने भएकोले उपचारको लागि आउनु भन्दा अगाडि कृपया फोन बाट सम्पर्क गरि समयको बारे जानकारी लिनु होस्।

| जापानिज नाम र विदेशी भाषिक नाम | फोन नं र वडा नं | रिसेप्शन तथा बिरामी जाँच्ने समय |
|---|---|---|
| नाम्बु स्योजी क्युब्यो सेन्टर (खावासाकी अस्पताल भित्र )<br>(दक्षिणी भागको बाल आपतकालीन केन्द्र) | 044-233-5521<br>खावासाकी वडा | प्रत्येक साझँ ५:०० देखि अर्को दिनको बिहान ८:३० सम्म रिसेप्शन खुल्ने आइतबार / सार्वजनिक बिदाहरू / वर्षको अन्त तथा नयाँ वर्ष**मा** २४ घण्टा संचालन |
| खावासाकी क्युजिचु क्युखान सिनर्योज्यो<br>(खावासाकी वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-211-6555<br>खावासाकी वडा | |
| साइवाई क्युजिचु क्युखान सिनर्योज्यो<br>(साइवाई वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-555-0885<br>साइवाई वडा | |
| नाकाहारा क्युजिचु क्युखान सिनर्योज्यो<br>(नाकाहारा वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-722-7870<br>नाकाहारा वडा | |
| च्यूबु स्योजी क्युब्यो सेन्टर<br>(मध्य भागको बाल आपतकालिन केन्द्र) | 044-733-5181<br>नाकाहारा वडा | प्रत्येक साझँ ६:३० देखि राति ११:००<br>जापानिज चिकित्सक विश्व विद्यालय मुसाशी कोसुगी अस्पताल भित्र |
| ताकाचु क्युजिचु क्युखान सिनर्योज्यो<br>(ताकाचु वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-811-9300<br>ताकाचु वडा | |
| मियामाए क्युजिचु क्युखान सिनर्योज्यो<br>(मियामाए बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-853-2133<br>मियामाए वडा | |
| तामा क्युजिचु क्युखान सिनर्योज्यो<br>(तामा वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-933-1120<br>तामा वडा | बिहान ९:३० देखि ११:३० सम्म र दिउँसो १:०० देखि ४:०० सम्म (आन्तरिक चिकित्सा, बाल रोग)प्रत्येक साझँ ६:३० देखि राति १०:३० सम्म (आन्तरिक चिकित्सा) |
| होकुबु स्योजी क्युब्यो सेन्टर<br>(उत्तरी भागको बाल आपतकालिन केन्द्र) | 044-933-1120<br>तामा वडा | प्रत्येक साझँ ६:३० देखि अर्को दिनको बिहान ५:००(बाल रोग) |
| आसाओ क्युजिचु क्युखान सिनर्योज्यो<br>(आसो वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-966-2133<br>आसाओ वडा | |

**आपतकालीन चिकित्सा सूचना केन्द्र** (दन्त चिकित्साको जानकारी अथवा चिकित्सक परामर्श बाहेकको अन्य चिकित्सा २४ घण्टा संचालन) **फोन नं.: 044-739-1919**

## २६औं विदेशी नागरिकहरुको जापानिज भाषा वक्तृत्व-कला प्रतियोगिता **सहभागी चाहियो!**

खावासाकी शहरमा अध्ययन गर्ने, काम गर्ने अथवा खावासाकी शहरको जापानिज भाषा पढाउने कक्षामा अध्ययन गर्ने विदेशी विद्यार्थीहरुको जापानिज भाषाको वक्तृत्व-कला प्रतियोगितामा भाग लिएर हेर्न चाहनु हुन्छ ? (भाग लिनको लागि पढने ठाउँ अथवा काम गर्ने ठाउँको सिफारिस चाहिन्छ। )




**【मिति र समय】 २०२१/ २/ ६ (शनिबार) दिउँसो १:०० देखि ३:३० सम्म**

※खराब मौसम आदिका कारण रद्द भएमा मार्च ६ (शनिबार) को लागि स्थगित हुनेछ।

यो वर्ष कोरोना संक्रमणले गर्दा भेटघाट तथा कुराकानी कार्यक्रम भने संचालन गरिने छैन।

**【 स्थान 】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल**

**【आवेदन दिने अन्तिम म्याद】 २०२१/ १/ १२** (मंगलबार)

※विस्तृत जानकारीको लागि खावासाकी अन्तर्राष्ट्रिय केन्द्रमा सम्पर्क गर्नु होस्।

*******************************************************************

## वर्षको अन्त तथा नयाँ वर्षको बिदाको बेलाको फोहोर संकलन सम्बन्धि

**कृपया प्रत्येक क्षेत्रको फोहोर संकलन तालिका जाँच गर्नुहोस् र संकलन गर्ने दिनको बारे राम्ररी ध्यान दिनुहोस्।**



※सधै फाल्ने फोहोर तथा पुन:प्रयोगहुने वस्तुको संकलन : वर्षको अन्तमा डिसेम्बर ३१ तारिख (बिहीबार) सम्म र वर्षको सुरुमा जनवरी ४ तारिख (सोमबार) बाट सधैको फोहोर संकलन तालिका अनुसार संकलन गरिन्छ।

※ठूलो आकारको फोहोर फाल्नको लागि **<u>फाल्नु भन्दा अगाडि जानकारी गराउन आवश्यक</u>** हुन्छ। कृपया संकलन गर्ने मिति भन्दा ३ दिन अगाडि (डिसेम्बर ३१ तारिख देखि जनवरी ३ तारिख सम्म, शनिबार र आइतबार बाहेक) जानकारी गर्नुहोस्।


- खावासाकी शहरको वेबसाइटबाट अनलाइन आवेदन दिनुहोस् (शुरुमा प्रयोगकर्ताको व्यक्तिगत जानकारीहरु दर्ता गर्न आवश्यक छ)
- **फोनबाट आवेदन** → **ठूलो आकारको फोहोर लिने केन्द्र**: 044-930-5300 समय: बिहान ८:०० देखि दिउँसो ४:४५

<u>खावासाकी शहरमा फोहोर कसरी फाल्ने भन्ने बारेमा जानकारीको लागि, कृपया **"फोहोर तथा पुन: प्रयोगहुने वस्तुको छुट्याउने तरिका र फाल्ने तरिका"** को पुस्तिका (ब्रोशर) हेर्नुहोस्!! वडा कार्यालय तथा खावासाकी अन्तर्राष्ट्रिय केन्द्रमा पुस्तिका (ब्रोशर) उपलब्ध छ</u>। फुरिगाना सहितको जापानिज, अंग्रेजी, चिनियाँ, कोरियाली वा उत्तर कोरियाली, तागालोग, पोर्तुगाली र स्पेनिश पुस्तिका (ब्रोशर) प्रयोग गर्नुहोस्।

*******************************************************************

## खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशीको लागि परामर्श सेवा
## विभिन्न भाषा बाट एकै ठाउँमा परामर्श लिन सकिने "वान् स्टप केन्द्र"

**केहि प्रश्नहरु भएमा अथवा तपाईलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नु होस्। (नि:शुल्क)**



- परामर्श सेवाको समय : बिहान १० बजे देखि १२ बजे सम्म र दिउँसो १ बजे देखि ४ बजे सम्म
- परामर्श सेवाको प्रत्यक्ष सम्पर्क नं.: 044-455-8811

| भाषा | बार |
|---|---|
| **अंग्रेजी** | सोमबार देखि शनिबार |
| **पोर्तुगाली** | मंगलबार र शुक्रबार |
| **कोरियन /उत्तर कोरियन** | मंगलबार र बिहीबार |
| **भियतनामी** | मंगलबार र शुक्रबार |
| **इन्डोनेसियाली** | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| **चिनियाँ** | सोमबार देखि शनिबार |
| **स्पेनिश** | मंगलबार र बुधबार |
| **तागालोग** | मंगलबार र बुधबार |
| **थाई** | सोमबार र मंगलबार |
| **नेपाली** | मंगलबार र शनिबार |

**खावासाकी अन्तर्राष्ट्रिय केन्द्र होमपेज**

### ※ प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

**(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क)**

**【मिति र समय】** २०२०/१२/२० ( आइतबार ) र २०२१/१/१७ ( आइतबार ) दिउँसो २ बजे देखि ४ बजे सम्म

**【 स्थान 】** खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दोश्रो तल्ला , संघको बैठक कोठा